# मिक्लाजुङ गाउँपालिका, मोरङ

# स्थानीय राजपत्र

**खण्ड २०७९** **संख्याः १०** **मितिः २०७९ आश्विन २७**

## भाग-२

## मिक्लाजुङ गाउँपालिका

## युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९

# युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९

**प्रस्तावना** :

गाउँपालिका क्षेत्रभित्रका वडास्तरदेखी नै युवा नेतत्व, सरोकारवाला युवाहरुको प्रतिनिधित्व युवा तथा खेलकुद विकास समिति मार्फत सुनिश्चित गर्दै युवा तथा खेलकुद विकास समितिको गठन गरी सोही युवा तथा खेलकुद सम्बन्धी गाउँपालिका स्तरीय नीति निर्माणदेखी कार्यान्वयन तहसम्म आवश्कता अनुसार उनीहरुलाई संलग्न गराई समग्र मिक्लाजुङको सर्वाङ्गीण विकासको मुलप्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

मिक्लाजुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिक्लाजुङ गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मिक्लाजुङ गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने समितिको अध्यक्षलाई सम्झनुपर्छ

(ख) "कार्यपालिका" भन्नाले मिक्लाजुङ गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले मिक्लाजुङ गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९ लाई सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले मिक्लाजुङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले कार्यविधिको नियम ३ बमोजिमको समितिलाई सम्झनु

पर्छ ।

(छ) "वडा" भन्नाले मिक्लाजुङ गाउँपालिका मातहतको कुनै पनि वडालाई सम्झनुपर्छ ।

(ज) "वडा समिति" भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनुपर्छ ।

(झ) "वडाध्यक्ष" भन्नाले मिक्लाजुङ गाउपालिका मातहतको सम्बन्धित वडाका वडाध्यक्षलाई सम्झनुपर्छ ।

(ञ) "वडा सचिव" भन्नाले सम्बन्धित वडाको वडा सचिवलाई सम्झनुपर्छ ।

(ङ) "वडा समिति" भन्नाले कार्यविधिको नियम ६ बमोजिम प्रत्येक वडामा गठन हुने युवा तथा खेलकुद विकास उप-समितिलाई सम्झनुपर्छ ।

(ट) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति तथा वडा समिति सदस्यलाई आवश्यकता अनुसार सम्झनुपर्छ ।

(ठ) "सामाजिक विकास समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सामाजिक क्षेत्र हेर्ने कार्यपालिका मातहतको सामाजिक विकास समितिलाई सम्झनुपर्छ ।

(ड) "संयोजक" भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठन हुने युवा तथा खेलकुद विकास
समितिका संयोजकलाई सम्झनुपर्छ ।

(ढ) "युवा" भन्नाले सोह्र वर्षदखी चालीस वर्षसम्मको उमेर भएको व्यक्तिलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## युवा तथा खेलकुद विकास समिति सम्बन्धी व्यवस्था

३. **समितिको गठन** : (१) युवाहरुलाई विकास निर्माणका कार्यमा सक्रिय सहभागी गराउँदै खेलकुदको माध्यमबाट स्वस्थ नागरिक तयार गर्ने कार्यमा सहयोग गर्न गाउँपालिका स्तरीय एक युवा तथा खेलकुद विकास समिति रहने छ । यस समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) खेलकुदको विभिन्न विधामा स्थापित संघसंस्था तथा व्यक्तित्वहरु मध्येबाट समितिले मनोनित गरेका कम्तिमा

१ महिला सहित दुई जना – सदस्य

(घ) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुर्याएका युवाहरुमध्येबाट समितिले मनोनित कम्तिमा एक जना महिला सहित दुई जना – सदस्य

(ङ) कार्यपालिका सदस्य मध्येबाट कार्यपालिकाले गठित/ मानोनित गरेका खेलकुद विकास समिति सदस्य दुई जना – सदस्य

(च) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी कार्यपालिकामा सिफारिश गरेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(३) समितिको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा तथा खेलकुद सम्बन्धी गाउँपालिकास्तरीय दीर्घकालिन नीतिको मस्यौदा तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) युवा तथा खेलकुद लक्षित गाउँपालिकास्तरीय वार्षिक बजेट तथा कार्यक्रमहरुको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ग) गाउँपालिका क्षेत्रभित्र क्रियाशील विभिन्न युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुलाई गाउँपालिकामा सुचीकृतगर्ने र संस्थाहरुको काम कारवाहीको रेखदेख तथा नियमन गर्ने ।

(घ) खेलकुदका विभिन्न विधामा गाउँपालिकास्तरीय टिमको छनोट गरी विभिन्न खेलकुदमा सहभागी गराउने तथा गाउँपलिका बहिर सहभागी पठाउन आवश्यक व्यवस्था मिलाउने ।

(ङ) गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी सामाजिक विकास समितिमा सिफारिश गर्ने ।

(च) गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

(छ) युवा विकास, सशक्तीकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा सामाजिक विकास समितिमा सिफारिश गर्ने ।

(ज) गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

(झ) गाउँपालिकामा सूचीकृत युवा तथा खेलकुद सम्वन्धी संघ संस्थाको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

(ञ) कार्यपालिकले तोकेको अन्य कार्य गर्ने, गराउने ।

६. **वडा स्तरीय समितिको गठन :** (१) प्रत्येक वडामा युवा तथा खेलकुद सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि एक वडा युवा तथा खेलकुद विकास समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) वडाध्यक्ष वा निजले तोकेको वडा समिति सदस्य – संयोजक

(ख) खेलकुदको विभिन्न विधामा स्थापित संघसंस्था तथा व्यक्तित्वहरुमध्येबाट वडा समितिबाट मनोनित एक कम्तिमा महिला सहिति दुई जना – सदस्य

(ग) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुर्याएका यवाहरुमध्येबाट वडा समितिबाट मनोनित एक जना – सदस्य

(घ) वडा सचिव – सदस्य सचिव

(३) मनोनित सदस्यहरुको पदावधि दुई वर्ष हुनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिश गरेमा वडा समितिले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

७. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक सम्बन्धित वडा कार्यालयमा बस्नेछ ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ ।

(३) समितिको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना सदस्य सचिवले सबै सदस्यहरुलाई दिनेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिती भएमा समितिको बठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ ।

(६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा तथा खेलकुद लक्षित वडास्तरीय कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने ।

(ख) वडाभित्र क्रियाशील विभिन्न युवा तथा खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियमन समेत गर्ने ।

(ग) खेलकुदका विभिन्न विधामा वडास्तरीय टिमको छनोट गरी गाउँपालिका स्तरीय खेलकुदमा सहभागि गराउने ।

(घ) वडाभित्रका युवाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफारिश गर्ने ।

(ङ) युवालाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने, गराउने ।

(च) युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने ।

(छ) युवा सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने ।

(ज) गाउँपलिका स्तरीय समिति तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद ४

## सचिवालय तथा कर्मचारी

९. **सचिवालय तथा कर्मचारी व्यवस्थापन सम्वनधमा** : शिक्षा युवा तथा खेलकुद शाखाले ससमितिको सचिवालयका रुपमा काम गर्ने छ । साथै समितिका नियमित कामकाज गर्नका लागि खेलकुद क्षेत्रमा तालिम प्राप्त, योग्य व्यक्ति नियमानुसार प्रकृया पुरा गरी आवश्यकता अनुसार प्रशिक्षक छनौट गरिने छ ।

## परिच्छेद ५

## विविध

१०. **भाग लिन नहुने** : समितिका कुनै सदस्य वा पदाधिकारीले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुदनै ।

११. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : समितिले यस कार्यविधि बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नका निमित्त आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

१२. **पारिश्रमिक, सुविधा तथा बैठक भत्ता :** (१) समिति पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउनेछन् ।

(२) वर्षमा बढीमा छ वटासम्म बस्ने बैठकको लागि मात्र बैठक भत्ता उपलब्ध गराइनेछ ।

१३. **वार्षिक प्रतिवेदन** : (१) वडा स्तरीय समितिले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सम्बन्धित गाउँपालिका स्तरीय समिति समक्ष र गाउँपालिका स्तरीय समितिले गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ

१४. **निर्देशन दिन सक्ने :** (१) कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु यस कार्यविधि बमोजिम गठित समितिको कर्तव्य हुनेछ ।

१५. **संरक्षक सम्बन्धी व्यवस्था** : (१) गाउँपलिका अध्यक्ष गाउँपलिका स्तरीय

समितिको संरक्षकको रुपमा रहनु हुनेछ ।

(२) गाउँपालिका स्तरीय समितिको संयोजक वडा स्तरीय समितिको संरक्षक हुनेछ् ।

**१६. सहयोग गर्नु पर्ने** : यस कार्यविधि बमोजिम गठित समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१७. मापदण्ड बनाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि समितिले आवश्यक मापदण्डको तर्जुमा गर्न सक्नेछ ।

**१८**. यस कार्य विधिमा लेखिएका कुराहरु यसै बमोजिम तथा उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियमा भएको व्यवस्था तथा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । कार्य विधिमा लेखिएका कुनै कुराहरु प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**१९. बाधा अड्काउ फुकाउने** : यस कार्यविधिमा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।